NIC ASIA CAPITAL

idea to iPO
Connecting the dots...

# प्रेस विज्ञप्ति
## श्रावण ०१, २०८३


## अब एन आई सी एशिया क्यापिटलमा अनलाइन मार्फत डिम्याट खातामा राष्ट्रिय परिचयपत्र (NID) नम्बर अद्यावधिक गर्न सकिने ।


एन आई सी एशिया क्यापिटलले विगत लामो समय देखि नै क्यापिटलको अधिकांश सेवाहरुमा प्रविधिको उच्चतम् प्रयोग गरी **"लाइनमा होइन, अनलाइनमा"** भन्ने मुल मन्त्र सहित आफ्नो निक्षेप सदस्य सेवा अन्तर्गतका सम्पूर्ण सेवाहरु डिजिटल रुपमा अनलाइन मार्फत नै उपलब्ध गराउँदै आइरहेको छ । सोही कार्यलाई थप प्रभावकारी रुपमा अगाडी बढाउने क्रममा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड द्वारा जारी निर्देशन बमोजिम नयाँ डिम्याट खाता खोल्दा तथा विद्यमान डिम्याट खाताको विवरण (KYC) अद्यावधिक गर्दा **राष्ट्रिय परिचय पत्र नम्बर (National Identification Number-NID)** अनिवार्य रूपमा पेश गर्नुपर्ने व्यवस्था लागू भएको हुँदा यस एन आई सी एशिया क्यापिटल तथा एन आई सी एशिया बैंकका शाखा कार्यालयहरू मार्फत डिम्याट खाता खोलेका खातावालाहरुले अब सहजै रुपमा अनलाइन मार्फत राष्ट्रिय परिचय पत्र (NID) अद्यावधिक गर्न सक्ने व्यवस्था मिलाइएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

अनलाइन मार्फत National Identification Number-NID अद्यावधिक गर्नको लागि क्यापिटलको वेवसाइट वा सोझै https://dematonline.nicasiacapital.com/ मा क्लिक गरी आफ्नो डिम्याट खाता नम्बर तथा जन्म मिति प्रविष्ट गरी आफ्नो डिम्याट खातामा उल्लेख भएको मोबाइल नम्बर वा इमेल ठेगानामा OTP प्राप्त हुने र OTP प्रमाणीकरण पश्चात् राष्ट्रिय परिचयपत्र नम्बर र राष्ट्रिय परिचयपत्रको अगाडिको भागको स्पष्ट देखिने गरी प्रतिलिपि वा NID Confirmation पत्र अपलोड गर्नुपर्ने हुन्छ । रितपुर्वक विवरण प्रविष्ट गरे पश्चात् उक्त राष्ट्रिय परिचयपत्र नम्बर सम्बन्धि डिम्याट खातामा अद्यावधिक भए नभएको Tracking समेत क्यापिटलको वेभसाइटमा रहेको Check Results मा क्लिक गरी अनलाइन मार्फत नै हेर्न सकिने व्यवस्था मिलाइएको व्यहोरा समेत सहर्ष जानकारी गराउँदछौं । साथै डिम्याट खातामा एन आई सी एशिया बैंकको बैंक खाता उल्लेख/अद्यावधिक भएका डिम्याट खातावालाहरुको हकमा उक्त बैंक खातामा रुजु गरी राष्ट्रिय परिचयपत्र (NID) सम्बन्धी विवरण अद्यावधिक रहेको खण्डमा डिम्याट खातामा समेत सोही परिचय पत्रको आधारमा सोझै NID अद्यावधिक गर्ने व्यवस्था मिलाइने व्यहोरा समेत सम्बन्धित सबैमा जानकारी गराउँदछौं ।

साथै, राष्ट्रिय परिचयपत्र नम्बर अद्यावधिक गर्ने सम्बन्धमा कुनै जिज्ञासा वा थप जानकारी आवश्यक परेमा एन आई सी एशिया क्यापिटल लि.को मोबाइल नम्बर ९८४७३४५०९९ मा सम्पर्क वा WhatsApp गर्न सक्नुहुनेछ ।

...............................
रामेन्द्र रायमाझी
प्रमुख कार्यकारी अधिकृत




१ नेपाली एक DEMAT खाता

मेरो लगानी, मेरो भविष्य